लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

प.सं.:२०८२/०८३
सूचना च.नं: २६

मिति: २०८२/०७/२३

## कृषि मेला प्रदर्शनी कार्यक्रम सम्बन्धि सूचना!!!

प्रस्तुत विषयमा लिखु पिके गाउँपालिकाको आ.व.२०८२०८३/ को स्वीकृत वार्षिक बजेट अनुसार कृषि मेला प्रदर्शनी कार्यक्रम अन्तर्गत गाउँपालिकाको क्षेत्रभित्र उत्पादित कृषि उपज बस्तुहरुको प्रदर्शन साथै उक्त प्रर्दशनीमा उत्कृष्ट कृषि उपज प्रदर्शन गर्ने कृषकलाई छनौट गरी पुरस्कृत समेत गर्ने कार्यक्रम तपसिल बमोजिमको मिति, समय र स्थानमा सञ्चालन गरिने भएको हुँदा यस पालिका क्षेत्रभित्रका कृषकहरुले आफ्ना उत्पादन तथा कृषि उपज वस्तुहरु प्रदर्शन गरी सुनौलो अवसरको लाभ उठाउनु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

- कृषि मेला प्रदर्शन हुने मिति गते १३/०८/२०८२ :,
- समय :बिहानको १० बजे देखि ।
- स्थान हिमगंगा माध्यामिक विद्यालय:को प्रांगण।

नोट:

- नाम दर्ता गराउने समय सूचना प्रकाशन भएको दिन देखि :मिति २०८२/०८/०९ गते कार्यालय समयसम्म ।
- दर्ता गराउने स्थान: सम्बन्धित वडा कार्यालयमा कृषि प्राविधिकको सहजिकरणमा।
- दर्ता गराउने कागजात : निवेदन सहित कुन कृषि उपज प्रर्दशनीमा ल्याउने उल्लेख गर्नुपर्ने छ।

थप जानकारीको लागि प्रदर्शन गरिने उपजहरुको विवरण फर्म्याट यसै सूचनासंगै उपलब्ध गराइएको छ ।

बन्दना भट्टराई
कृषि विकास अधिकृत

बन्दना भट्टराई
कृषि अधिकृत

अग्नि प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

फोन नं-: . ०२५: ईमेल ,६९७४५५-ito.likhupikermun@gmail.com,info@likhupikemun.gov.npवेबसाइट :-www.likhupikemun.gov.np

लिखुपिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

## प्रदर्शनिमा प्रदर्शन गरिने उपज विवरण फर्म्याट

| क्र.स. | मेला प्रदर्शनिमा प्रदर्शन गरिने उपज विवरण | कृषि उपज प्रकार | कैफियत |
|---|---|---|---|
| १. | तरकारी बाली | बन्दा,रायो,काउली,फर्सी,साग,स्कुस,गाँजर,मुला,काँक्रो,प्याज....आदि | |
| २. | दलहन बाली | सेतो सिमि,भटमास,राजमा,मास,मस्याङ,केराउ ...आदि | |
| ३. | नगदे वाली | चिया,अलैची,आलु,उखु,तोरी ....आदि | |
| ४. | अन्न बाली | धान,मकै,गहु,कोदो,उवा,जौ,फाफर..आदि | |
| ५. | फलफुल/वागवानी वाली | किवी,सुन्तला,कागती,जुनार,एभोकाडो,ड्रयागनफ्रुट,केरा,हलुवावेद,विभिन्न प्रजातिका पुष्प ...आदि | |
| ६. | जडिवुटी तथा मसला वाली | अदुवा,लसुन,वेसार, चिराइतो, यार्मा, टिमुर, लोक्ता, अर्गेली ... | |
| ७. | फुङ्गस प्रजाति | विभिन्न किसिमका च्याउ प्रजाति | |
| ८. | मेडिसिनल कृषि तरल पदार्थ | मह | |
| ९. | दुध तथा डेरी जन्य प्रोडक्ट | चिज,दुर्खा,छुर्पी,घ्यु, दहि,दुध ...आदि | |
| १०. | कृषि उपज वस्तु | डोको,डालो,नाङलो,फुङलो...आदि | |

( बाहिरबाट प्याकेजिङ गरेर ल्याएको कृषि उपज साथै पालिका बाहिरको उत्पादन कृषि प्रदर्शनमा ल्याएको खण्डमा कृषक प्रियोगिताबाट बाहिरिने छ )

... प्रसाद पराजुली
... प्रशासकीय अधिकृत